http://www.ird.gov.np

# कर बुलेटिन
# Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष १, अङ्क २, २०६९ भाद्र-आश्विन Vol 1, Issue 2, September 2012

## श्रावणमा २९ प्रतिशतले राजस्व वृद्धि



आन्तरिक राजस्व विभाग अन्तर्गत गत आ.व. मा जस्तै यस आ.व.को पहिलो महिनाको राजस्व असुली उत्साहजनक देखिएको छ । विभाग अन्तर्गत आ.व. २०६९/७० को श्रावण महिनामा जम्मा रु. ८ अर्ब ३६ करोड ५७ लाख राजस्व असुली भएको छ। उक्त रकम गत आ.व.को सोहि अवधिको तुलनामा २९ प्रतिशतले बढी हो भने निर्धारित लक्ष्य रु. ७ अर्ब ६४ करोड २० लाखभन्दा रु. ७२ करोड ३७ लाख बढी हो। शीर्षकगत रूपमा हेर्दा आयकर रु. २ अर्ब २४ करोड ७८ लाख, मूल्य अभिवृद्धि कर रु. ३ अर्ब ५३ करोड ८४ लाख र अन्त:शुल्क रु. १ अर्ब ४८ करोड ३९ लाख असुली भएको छ। सो रकम निर्धारित लक्ष्यको क्रमशः १३९, १०१ र १०४ प्रतिशत हो। त्यसैगरी बहाल कर, ब्याज कर र शिक्षा सेवा शुल्क क्रमशः रु. १५ करोड ४४ लाख, रु. ९० करोड ६६ लाख र रु.३ करोड ४४ लाख असुली भएको छ।

२०६९ श्रावणको शीर्षकगत राजस्व असुली — रु.लाखमा

| राजस्व शीर्षक | २०६८/६९ को असुली | २०६९/७० श्रावणसम्मको | | प्रगति प्रतिशत | गत आ. व. को तुलनामा असुली |
|---|---|---|---|---|---|
| | | लक्ष्य | असुली | | |
| आयकर | १३८१७ | १६१४६ | २२४७८ | १३९ | १६३ |
| बहाल कर | १३३९ | १५७५ | १५४५ | ९८ | ११५ |
| ब्याज कर | ७६५३ | ८९७५ | ९०६७ | १०१ | ११८ |
| मू.अ.कर | २९८०८ | ३५१८० | ३५३८४ | १०१ | ११९ |
| अन्त:शुल्क | १२१७७ | १४३२६ | १४८४० | १०४ | १२२ |
| शिक्षा सेवा शुल्क | १९८ | २१८ | ३४४ | १५७ | १७४ |
| जम्मा | ६४९९२ | ७६४२० | ८३६५८ | १०९ | १२९ |

### करदाता जागरण अभियान

## बहुराष्ट्रिय कम्पनी, वित्तीय संस्था, पर्यटन र सञ्चार क्षेत्रसँग अन्तरक्रिया




चालु आर्थिक वर्षभरिमा १ लाख करदाताहरूलाई प्रत्यक्ष रूपमा करदाता शिक्षा प्रदान गर्ने लक्ष्य सहित कर प्रणाली सुधार वर्ष अभियान सञ्चालन गरेको आन्तरिक राजस्व विभागले पहिलो चरणमा बहुराष्ट्रिय कम्पनी, बैंक, वित्तीय संस्था, बिमा कम्पनी, पर्यटन व्यवसायी तथा सञ्चार क्षेत्रका व्यक्तित्वहरूसँग छलफल आयोजना गरेको छ। मित्रराष्ट्र जर्मनीको अन्तराष्ट्रिय सहयोग संस्था GIZ/RAS Project तथा मित्रराष्ट्र डेनमार्कको अन्तर्राष्ट्रिय विकास संस्था DANIDA को सहयोगमा विभागले करदाता शिक्षा विस्तारका लागि विभिन्न क्षेत्रका सरोकारवाला करदाताहरूसँग अन्तरक्रियात्मक श्रृङ्खला सञ्चालन गर्ने क्रममा यस्ता छलफलहरू सम्पन्न गरिएका हुन्।

विभागले २०६९ श्रावण ३२ गते संयुक्त पुँजी लगानीमा सञ्चालित बहुराष्ट्रिय कम्पनीका प्रतिनिधिहरू, बैंक तथा वित्तीय संस्था तथा बिमा कम्पनीका व्यवस्थापक एवं लेखा अधिकृतहरूसँग अन्तरक्रिया आयोजना गरेको छ। राजधानीको होटल एभरेष्टमा आयोजित सो अन्तरक्रियाको उद्घाटन गर्नुहुँदै माननीय अर्थमन्त्री श्री वर्षमान पुनले

(बाँकी पृष्ठ ४ मा)

### आँखीझ्याल

कर सुधार र सुशासनबीच अन्तर्सम्बन्ध — पृष्ठ ३

बुढानीलकण्ठ घोषणापत्र, २०६९ — पृष्ठ ६-८

अधिकांश कार्यालयहरूबाट लक्ष्यभन्दा बढी राजस्व असुली — पृष्ठ ९



Tax Bulletin final - Vol 1 Issue 2 backup.pmd 1 03/09/2012, 16:20



# महानिर्देशकको सन्देश

गत आर्थिक वर्ष २०६८/०६९ मा समग्र राजस्वको वृद्धिदर करिब २२ प्रतिशत रही उत्साहजनक ढंगले राजस्व असुली भएको छ । यस विभागलाई तोकिएको लक्ष्य रु. ९४ अर्ब ९८ करोड रहेकोमा रु. ९८ अर्ब १२ करोड असुली भई लक्ष्यभन्दा करिब ३ अर्ब १४ करोड बढी असुल भएको छ । यो असुली गत आर्थिक वर्षको तुलनामा २३ प्रतिशतको वृद्धि हो । हामीले लक्ष्यभन्दा बढी राजस्व असुल गर्न सकेको आम करदाताले राजस्व तिरिदिएकै कारणले हो । यस अवसरमा आम करदाताहरूलाई कर प्रशासनकोतर्फबाट हार्दिक धन्यवाद दिँदै आभार व्यक्त गर्न चाहन्छु ।

चालु आर्थिक वर्षमा पनि श्रावण महिनाको राजस्व लक्ष्यभन्दा बढी असुल भइसकेको छ । यस वर्षको प्रथम महिनाको राजस्व वृद्धि दर २९ प्रतिशत रहेको छ । बाँकी ११ महिनामा पनि राजस्व लक्ष्यभन्दा बढी नै असुल हुन्छ भन्नेमा हामी विश्वस्त छौं । यस नयाँ आर्थिक बर्षमा नयाँ करदाताहरूलाई करको दायरामा ल्याउन सकियोस्, करदाताहरूको कारोवार र नाफा वृद्धि होस्, वर्षभरि नै करसम्बन्धी कुनै विवाद र झन्झट नपरोस् र गत वर्षभन्दा बढी राजस्व तिर्न सक्षम हुनुहोस् भन्ने आम करदाताहरूमा शुभकामना दिन चाहन्छु ।

गत आर्थिक वर्षमा कर प्रशासन र करदाताबीचको सम्बन्ध त्यति सौहार्द रहन सकेन । नक्कली भ्याट बिलको प्रकरण र मिसम्याचका केसहरू सर्वाधिक चर्चामा रहे । नक्कली भ्याट बिलका ५१८ केसको छानबिन सम्पन्न भएको छ । सोही प्रकृतिका थप केही केशहरू र मिसम्याचका केशहरू अझ छानबिनकै क्रममा छन् । यसमा करदाताहरूलाई आफ्ना केस फछ्र्यौट गराउने दायित्व थपिएको छ भने कर प्रशासनलाई समेत छानबिनको चूनौतीपूर्ण कार्यबोझ थपिएको छ । यस वर्ष करदाता र कर प्रशासनले यस्तो अवस्थाको सामना गर्न नपरोस् भन्ने हाम्रो अपेक्षा रहेको छ ।

गत वर्षको कर छलीको छानबिनको प्रकरणबाट मलाई कर प्रशासन र करदाताबीच सम्वाद गर्नुपर्ने महसुस भएको छ । कर प्रशासन के गर्दैछ भन्ने करदातालाई थाहा हुने र करदाताहरु के गर्दैछन् भन्ने कर प्रशासनलाई जानकारी हुने संयन्त्र निर्माण गर्नु जरुरी महशुस भएको छ । सबै करदाताहरू कर प्रशासनको आँखा छल्न नै उद्दत भइरहन्छन् भन्ने र कर प्रशासन छानबिन गर्नमा नै उद्दत हुन्छ भन्ने मानसीकता त्याग्नु जरुरी छ । यस्ता प्रकरण र प्रवृतिमा सुधार गरी करदाताको इमान्दारिता र कर प्रशासनको जिम्मेवारी एवं पारदर्शितामा अभिवृद्धि गर्नुपर्ने आवश्यकता खड्किएको छ ।

कर प्रशासन र करदाताबीचमा निरन्तर अन्तरक्रिया तथा छलफल हुनुपर्दछ भन्ने निष्कर्षमा पुगेर यस आर्थिक वर्षमा हामीले कर प्रणाली सुधार वर्षको घोषणा गरी करदाता सेवा तथा शिक्षालाई पहिलो प्राथमिकतामा राखेका छौं । यसै क्रममा करदाता जागरण अभियानको थालनी भई श्रृङ्खलाबद्ध रूपमा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यस वर्ष विभाग र मातहत कार्यालयहरूबाट करिब एक हजारको संख्यामा करदाता शिक्षा र जागरण कार्यक्रममार्फत् एक लाख करदातालाई प्रशिक्षित र जागृत गराउने कार्ययोजना रहेको छ । यस्ता कार्यक्रम निजी क्षेत्र तथा सम्बद्ध व्यावसायिक र पेशागत क्षेत्रको सहभागितामा सञ्चालन गरिनेछ । त्यस्ता संघ संस्थाहरूसंग सहकार्य गर्न तथा प्राविधिक सहयोग पुऱ्याउन विभाग सँधै तत्पर रहेकोछ ।

हाल नेपालमा स्वयं कर प्रणाली लागू भएको छ । यस्तो कर प्रणालीमा करदाता स्वयं प्रथम चरणको कर निर्धारण गर्न जिम्मेवार रहेकाले यसमा आम करदाताहरूको इमान्दारिता र पारदर्शिता अपरि हार्य छ । इमान्दार करदातालाई कदर गर्ने र कर छली गर्नेहरूलाई कडा कारवाही गरिएमा मात्र स्वयं कर प्रणालीलाई दिगो बनाउन सकिन्छ । त्यसैले यस वर्षदेखि राष्ट्रिय कर दिवसको दिन तोकेर आम कर दातालाई केन्द्र, जिल्ला, क्षेत्र एवं स्थानीय तहसम्म सहभागी गराई राष्ट्रिय कर दिवस मनाउने र करदातालाई सम्मान गर्ने सोचबमोजिम यस विभागले प्रक्रिया अगाडि बढाइसकेको छ । निकट भविष्यमा नै हामी यसको घोषणा गर्ने तयारीमा छौं ।

आर्थिक क्षेत्रको संरचनामा आएको परिवर्तन, सेवा क्षेत्रको वृद्धि, खुला बजार र उदारवादी अर्थतन्त्रको सञ्चालनका पूर्वाधारहरू र विगतका कर छलीका प्रकरण तथा कर प्रणालीमा आएको परिवर्तन समेतलाई ध्यान दिई कर प्रणाली सुधारका लागि पाँच वर्षे रणनीतिक योजना र तीन वर्षीय कर प्रणाली सुधार कार्ययोजना तयार भइसकेको छ । यसअन्तर्गत कर नीति, कर प्रशासन तथा करका कानूनहरूको समसामयिक पुनरावलोकन गरी करदातामैत्री तथा विकृति नियन्त्रणात्मक प्रणाली स्थापित गरिनेछ । कर छली योजना गर्नेहरूका लागि दण्डात्मक, प्रणाली सुधारका लागि प्रतिरोधात्मक एवं आम करदातालाई सचेत गराउनका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । कर प्रणाली सुदृढीकरणको लागि विभागको यस अभियानलाई आम करदाताहरूबाट पूर्ण सहयोग र सहभागिता हुने अपेक्षा गरिएको छ ।

**१५, भाद्र २०६९** **टंकमणि शर्मा**
**महानिर्देशक**

# करसम्बन्धी जानकारी

मुलुकमा आन्तरिक रूपमा परिचालन हुने प्रमुख करहरूको एउटै निकायबाट प्रशासन गरी कर प्रशासनलाई अझ बढी दक्ष, व्यवसायिक, मितव्ययी तथा करदातामैत्री बनाउने उद्देश्यका साथ २०५८ बैशाख १ गते साविकका मूल्य अभिवृद्धि कर विभाग र कर विभागको एकिकरण गरेर आन्तरिक राजस्व विभागको स्थापना भएको हो । यस विभागबाट हाल मूल्य अभिवृद्धिकर, आयकर, अन्तःशुल्क, स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्कको प्रशासन हुँदै आइरहेको छ । हाल यस विभागअन्तर्गत एउटा ठूला करदाता कार्यालय, २२ वटा आन्तरिक राजस्व कार्यालयहरू, काठमाडौं उपत्यकाभित्र १३ वटा र उपत्यका बाहिर १० वटा गरी जम्मा २२ वटा करदाता सेवा कार्यालयहरू सञ्चालित छन् भने यसै आर्थिक वर्षभित्र उपत्यका बाहिर थप ४ वटा करदाता सेवा कार्यालयहरू स्थापना गर्ने विभागको कार्यक्रम रहेको छ ।

No taxation without representation भन्ने करको विश्वव्यापी मान्यतालाई आत्मसात् गर्दै नेपालमा पनि कानूनमा आधारित भएर करारोपण गर्ने कार्यको थालनी गर्ने कार्य अन्तः शुल्क ऐन, २०१५ जारी गरी सो कानून कार्यान्वयन गर्ने अधिकार वि.स. २०१६ मा स्थापित भन्सार तथा अन्तः शुल्क विभागलाई दिएपछि भएको थियो । त्यसैगरी आयकर प्रणालीको सुरुवात आर्थिक ऐन, २०१६ जारी भएपश्चात् भयो र सो करको प्रशासन गर्न सोही साल कर निर्देशनालयको स्थापना भयो । आयकर संकलनलाई थप प्रभावकारी बनाउने सन्दर्भमा आयकर ऐन, २०१९ लागू गरिएको भएतापनि नेपालमा आधुनिक आयकर प्रणालीको सुरुवात चाँही आयकर ऐन, २०३१ जारी भएपछि मात्र भएको मानिन्छ ।

विभिन्न समयमा फरक फरक ऐनहरूमार्फत् लागू गरिएको बिक्री कर, होटल कर, ठेक्का कर र मनोरञ्जन करलाई प्रतिस्थापन गर्दै ती करको सट्टामा एकल दरको मूल्य अभिवृद्धि कर लगाउने घोषणा सहित २०५२/१/२७ मा मू.अ.कर ऐन, २०५२ जारी गरियो र सो कर मिति २०५४/८/१ देखि लगाई असुल उपर गर्न थालियो । यसरी करसम्बन्धी कानूनी एवं संरचनात्मक परिवर्तन हुँदै हाल आयकरतर्फ आयकर ऐन, २०५८, मू.अ.करतर्फ मू.अ.कर ऐन, २०५२ र अन्तः शुल्कतर्फ अन्तः शुल्क ऐन, २०५८ कार्यान्वयनमा रहेका छन् ।

*(बाँकी पृष्ठ ११ मा)*



Tax Bulletin final - Vol 1 Issue 2 backup.pmd 2 03/09/2012, 16:20

# कर सुधार र सुशासनबीच अन्तर्सम्बन्ध

■ चेतनाथ दाहाल*



कर प्रणाली सुधारको मुख्य लक्ष्य राजस्व संकलनमा प्रभावकारिता, दक्षता तथा निष्पक्षता कायम गर्दै राज्यले व्यवस्थापन गर्नुपर्ने वस्तु वा सेवाका लागि स्रोत जुटाउनुका अतिरिक्त सुशासनका माध्यमबाट राज्यले जनतालाई प्रवाह गर्ने गुणस्तरीय सेवा र सुविधा कम खर्चमा प्रदान गर्नु हो । अतः कर प्रणाली र सुशासन एक अर्कोका परिपूरकका रूपमा रहेका हुन्छन् । कर प्रणालीको क्षमता , जिम्मेवारी, उत्तरदायित्व लगायत राजनैतिक अर्थतन्त्रले देशको सुशासनमा प्रभाव पार्दछ । कर प्रणाली र सुशासनबीच निम्नानुसार अन्तरसम्बन्ध रहेको पाइन्छ ।

♦ देशको सम्पूर्ण राजनैतिक, आर्थिक, सामाजिक अवस्थाले सुशासनको कार्यक्षमतामा प्रभाव पार्दछ ।

♦ तात्कालीन कर प्रणालीले राज्यको विकास तथा सुशासनमा प्रभाव पार्दछ ।

♦ सुशासनले आर्थिक सौदाबाजी, राजनैतिक, आर्थिक, सामाजिक सहभागिता लगायत कर प्रशासनको राजस्व संकलन र सेवा प्रवाह, जिम्मेवारी, दायित्व र प्रभावकारिता अभिवृद्धि गर्दछ ।

♦ सुशासनले संस्कारगत कर सहभागितामा वृद्धि गरी सम्पूर्ण आर्थिक सूचकलाई चुस्त बनाउँछ । त्यसरी नै अनौपचारिक अर्थतन्त्रलाई वृद्धि गर्न कुशासनले मद्दत गर्दछ । अतः छरितो प्रणालीगत कर प्रशासनले सुशासन तथा राजस्व संकलन दुवैमा वृद्धि ल्याई सरकारको खर्च व्यवस्थापन, बजेट सन्तुलन, तथा वैदेशिक सहायतामाथि निर्भरतामा कमी ल्याउन मद्दत गर्दछ । अन्ततोगत्वा कर प्रणाली र सुशासनबीच चक्रवर्तीय अन्तर्रसम्बन्ध रहेको पाइन्छ ।

जुन कर प्रणालीले राज्यको राजस्व आवश्यकता र जनताको कर भार वहन गर्ने क्षमताबीचमा सामञ्जस्यता ल्याई कर प्रशासनको सञ्चालन गर्दछ त्यस्तो कर प्रशासनले करमा सुशासन कायम गर्ने कुरामा कसैको दुई मत रहँदैन । कर प्रशासन र राज्यको लगानी नीति बीच प्रत्यक्ष सम्बन्ध नहुने कर विज्ञहरूको राय भएतापनि कर प्रणालीले सुशासन अभिवृद्धि, पारदर्शिता, उत्तरदायित्व र अनुमान योग्य बनाउन मद्दत गर्ने भएकोले अर्थतन्त्रको व्यवस्थापनमा व्यवहारिक रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेको पाइन्छ । कर प्रणाली र सुशासनको क्षेत्रमा प्रभावकारिताका लागि निम्नानुसार सुधार गर्नु आवश्यक देखिन्छ ।

♦ कर नीतिअन्तगर्त उचित कर दरसहित कर आधार विस्तार, छरितो कर छुटको व्यवस्थापन, कर खर्च मूल्याङ्कन, सरल कर कानूनबाट साना तथा मझौला व्यवसायीहरूको कर सहभागितामा वृद्धि, कानूनमा आधारित कर निर्धारण प्रणाली, अनौपचारिकबाट औपचारिकता, विवादबाट सम्वाद, कर कानून प्रयोगबाट स्वयं कर सहभागिता, मुद्दा फछ्र्यौट तथा शीघ्र निरुपण आदि पर्दछन् । त्यसरी नै, कर प्रशासनतर्फ व्यावसायिक ज्ञान, सीप, क्षमता तथा प्र्याप्त सुविधासहितको मानव संसाधन योजना तथा कार्यक्रम, वैज्ञानिक कर प्रक्षेपण तथा प्रभावकारी अनुगमन, अनुशासन तथा सदाचार कार्यपद्धतिको आधार, आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग, कार्यदक्षतामा आधारित मूल्याङ्कन, कर विचलनप्रति कठोर नीति, स्वयंकरमा आधारित कर संकलन र गुणस्तरीय एवं सस्तो करदाता सेवा, स्वयंकर सहभागिता वृद्धि, करदाता सेवा कार्यालयबाट जनता नजिक सेवा, करदाता शिक्षाअन्तर्गत करदाताको अधिकार र कर्तव्य, सूचनाको गोप्यता र अधिकार, नागरिकको कर सूचना पाउने कानूनी अधिकार, सूचना सञ्जाल संयन्त्र स्थापना, साना तथा मझौला करदाताको कर सहभागिता खर्च र प्रशासनिक खर्चमा कमी ल्याउनुपर्दछ ।

♦ सुशासनतर्फ कर सुधारबाट समष्टिगत अर्थतन्त्रमा पुग्ने लाभ तथा हानीबारे सम्बद्ध निकायहरूलाई जानकारी गराउनेस कर सुधारका कार्यक्रमहरूबाट सार्वजनिक तथा निजी निकायमा पर्ने प्रभावबारे व्यापक अन्तरक्रिया तथा छलफल सामाजिक संस्था, व्यापारिक संगठन र पत्रकारितासंग सम्बन्धित संगठनहरूका करसंग सम्वन्धित समस्याहरूकाबारेमा छलफल र कर सुधार र सुशासन सम्वन्धी कार्यक्रमलाई अनुगमन तथा निरीक्षण गर्ने निकायहरूलाई थप प्रभावकारी गराउनु पर्दछ ।

♦ अन्त्यमा, कर प्रणाली सुधार र सुशासन एक अर्काका परिपूरक भएकोले दुवैको समन्वयात्मक योगदान विना कर प्रशासनमा सुशासन कायम गर्न असम्भव प्रायः भएकोले सहयोगात्मक भावनाबाट अभिप्रेरित भई कार्य गर्नु आवश्यक देखिन्छ ।

*लेखक आन्तरिक राजस्व विभागको निर्देशक (अन्तर्राष्ट्रिय कर नीति शाखा) हुनुहुन्छ । यस लेखमा उल्लेखित विचार लेखकका निजी धारणा हुन् ।

**यस पृष्ठमा नियमित रूपमा लेख रचनाहरू समावेश गरिनेछ। कर प्रशासनको क्षमता विकास, नेतृत्व विकास र कर प्रणाली सुधारसम्बन्धी विषय, करदाता शिक्षा, सचेतना जगाउने सामाग्रीलाई प्राथमिकताका साथ प्रकाशित गरिनेछ ।**

## प्रोत्साहन






Tax Bulletin final - Vol 1 Issue 2 backup.pmd 3 03/09/2012, 16:20

# बहुराष्ट्रिय कम्पनी, वित्तीय संस्था,पर्यटन र सञ्चार क्षेत्रसँग अन्तरक्रिया

**पृष्ठ १ बाट जारी**



सरकारले लगानीमैत्री नीति अवलम्बन गरिरहेको हुँदा ठूला करदाताको संख्या चाँडै १ हजार पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले अन्तर्राष्ट्रिय लगानीकर्ताहरूको नेपालप्रतिको आकर्षणलाई सदुपयोग गर्ने औद्योगिक वातावरण निर्माण गर्न करप्रणालीमा सुधार गर्न लागिएको बताउनुभयो ।

सो कार्यक्रमको सभापतित्व गर्नुभएका अर्थ सचिव श्री कृष्णहरि बाँस्कोटाले नेपालमा सम्भाव्यता भएका क्षेत्रमा भन्दा पनि करमा छुट सुविधा लिने आशामा लगानी गर्ने प्रवृत्तिले गर्दा उद्योगहरूले आशातीत सफलता पाउन नसकेको विचार व्यक्त गर्नुभयो । उहाँले नेपालमा सम्भावना रहेका कृषि, पर्यटन, जलविद्युत लगायतका क्षेत्रमा लगानी गर्न उद्यमीहरूलाई आग्रह गर्नुभयो । यस्तै सो अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले बैंक तथा वित्तीय संस्थाहरूका कस्ता खालका सेवामा कुन प्रकारको कर लाग्ने भन्ने स्पष्ट नहुँदा बेला बेलामा समस्या उत्पन्न हुने गरेको बताउँदै बैंक वित्तीय संस्थाको वित्तीय स्थिति मजबुत बनाउन प्रोभिजिनिङको व्यवस्था गर्न लगाउँदा करयोग्य आय घट्न गई कर प्रशासन र ती संस्थाहरूबीच विवाद उत्पन्न हुने गरेको जानकारी दिनुभयो ।

अन्तरक्रियामा बिमा समितिका अध्यक्ष डा. फत्तबहादुर केसीले विपन्न वर्गलाई लक्षित गरी सञ्चालन गरिने लघुबिमा कार्यक्रमलाई प्रोत्साहन गर्न करमा सहुलियत दिनुपर्ने धारणा राख्नुहुँदै निर्जीवन बिमातर्फ नगरपालिका क्षेत्रमा बनेका घरहरूको बिमा गर्दा लाग्ने शुल्क घरबहाल करमा समायोजन गर्ने सुविधा दिनसकेमा करको दायरा बढ्ने सुझाव दिनुभयो ।

यसैगरी अर्थमन्त्रालय राजस्व महाशाखाका सहसचिव श्री शान्तराज सुवेदीले युरोपेली देशहरूमा मूल्य अभिवृद्धि करको दर १९ प्रतिशत तथा छिमेकी मुलुक श्रीलंका, बंगालादेशमा पनि सो दर १५ प्रतिशत रहेका हुँदा नेपालमा मूल्य अभिवृद्धि करको १३ प्रतिशत दर व्यवहारिक रहेको स्पष्ट पार्नुभयो। यस्तै संस्थागत कर बंगलादेशमा ४२ दशमलव ५ प्रतिशत, ब्राजिलमा ४० प्रतिशत रहेकोमा नेपालमा ३० प्रतिशतको दर लाई बढी भन्न नमिल्ने उहाँले प्रष्ट पार्नुभयो। सहसचिव श्री सुवेदीले बैंक तथा वित्तीय क्षेत्रमा ऋण लिन आउने व्यवसायीहरूको वित्तीय विवरण शंकास्पद देखिएमा कर प्रशासनलाई त्यसबारे जानकारी दिई सहयोग गर्न आग्रह गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले संस्थागत सुशासन र अन्तर्राष्ट्रिय मापदण्डमा चल्ने विश्वास गरिएका बैंक, वित्तीय संस्था, बिमा कम्पनी तथा बहुराष्ट्रिय कम्पनीहरूमा समेत नियतवश कर छली गर्ने दुष्प्रयासका घटनाहरू फेला पर्नु दुखद भएको बताउनुभयो । बैंक, वित्तीय संस्थाहरूमा लगानी गर्ने प्रवर्द्धकहरूको बीउ पुँजी समेत कर नलागेको सम्पत्ति हुनसक्ने सूचनाहरू प्राप्त भएकाले करको पालनामा विशेष ध्यान दिन सजग गराउनुभयो । विद्यमान अवस्थामा आयमा भन्दा पनि प्रक्रिया र कारोवार मा कर तिर्नुपर्ने अवस्था देखिएकाले त्यसलाई निराकरण गरी आयमा मात्रै कर लाग्ने परिपाटी विकास गर्न कर प्रशासन सक्रिय रहेको उहाँको भनाइ थियो ।

विभागका महानिर्देशक श्री टंकमणि शर्माको सभापतित्वमा अयोजित अन्तरक्रियाको प्राविधिक सत्रमा विभागकोतर्फबाट उप महानिर्देशक मधुकुमार मरासिनीले 'आन्तरिक राजस्व विभाग र यसको कार्यदिशा' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री आनन्द ढकालले 'ठूला करदाता, बैंकिङ र बिमा क्षेत्रका सवालहरू' विषयक प्रस्तुति गर्नुभयो । यस्तै नेपाल बैंकर्स संघकोतर्फबाट श्री दिव्यचन्द्र श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्दै बैकिङ क्षेत्रमा संस्थागत करको दर अधिक भएको तथा कुल कर्जा रकमको ५ प्रतिशतभन्दा बढी प्रोभिजिनिङ गर्नुपरेको अवस्थामा करको विवाद उत्पन्न भइरहेकोतर्फ ध्यानाकर्षण गराउनुभयो । यस्तै नेपाल बिमक संघकोतर्फबाट कार्यपत्र प्रस्तुत गर्दै श्री अनिल ढुङ्गेलले बिमा कम्पनीहरूले विदेशी पूनर्बिमा कम्पनीसँग हिसाब मिलान गरेपछि केही ढिलो गरी वित्तीय विवरण तयार हुने भएकाले करको विवरण बुझाउने समयसीमा पुष मसान्तसम्म दिन माग गर्नुभयो । अन्तरक्रियामा विभिन्न बहुराष्ट्रिय कम्पनी, बैक, वित्तीय संस्था र बिमा कम्पनीका प्रतिनिधिहरूले करका कानूनमा रहेका प्रक्रियागत जटिलतालाई सरलीकरण गरी कर प्रशासनलाई चुस्त दुरुस्त बनाउन सुझाव दिनुभयो ।

### पर्यटन व्यवसायमा विस्तार, राजस्वमा संकुचन

आन्तरिक राजस्व विभागले पर्यटन क्षेत्रका व्यवसायीहरूलाई करदाता शिक्षा प्रदान गर्ने उद्देश्यले उनीहरूका समस्या समाधानका लागि छुट्टै १ दिने अन्तरक्रिया आयोजना गरेको छ। २०६९ भाद्र ८ गते राजधानीको होटल एभरेष्टमा आयोजित सो अन्तरक्रिया कार्यक्रमको उद्‍घाटन गर्नुहुँदै अर्थ सचिव श्री कृष्णहरि बाँस्कोटाले नेपाल पर्यटन वर्ष २०११ को सफलतासँगै पर्यटकहरूको आगमन र पर्यटन क्षेत्रको




व्यवसायमा विस्तार भएतापनि यस क्षेत्रबाट संकलन हुने मूल्य अभिवृद्धि कर लगायत राजस्वमा गिरावट आउनु अस्वाभाविक भएको बताउनुभयो । पर्यटन व्यवसायीहरूलाई करको पालनामा कट्टिबद्ध भई व्यवसाय गर्न आग्रह गर्दै उहाँले पूर्ण आकारको बजेट निर्माण गर्दा व्यवसायीहरूको समस्या सम्बोधन गर्ने समेत बताउनुभयो ।



मानननीय अर्थमन्त्री श्री वर्षमान पुन, अर्थ सचिव श्री कृष्णहरि बाँस्कोटा, गभर्नर डा. युवराज खतिवडा, बिमा समितिका अध्यक्ष डा. फत्तबहादुर केसी र महानिर्देशक श्री टंकमणि शर्मा

अन्तरक्रियामा होटल एसोसियशन अफ नेपाल (हान) का अध्यक्ष श्री श्यामसुन्दर कक्षपतिले नेपालको पर्यटन गाउँमुखी भएकाले यस क्षेत्रमा संलग्न व्यवसायीहरूलाई करका बारेमा चेतनशील बनाउन विशेष जोड दिनुपर्ने बताउनुभयो । उहाँले घरजग्गा व्यवसाय ऐन २०१९ अनुसार उद्योग कारखानका लागि प्रयोग भएको जग्गाको मालपोत र घरजग्गा कर छुट भएतापनि होटल उद्योगले चर्चेको जग्गामा यस्तो छुट नपाएको बताउनुभयो । यसैगरी एयरलाइन्स अपरेटर्स एसोसियशन अफ नेपालका अध्यक्ष श्री रामेश्वर थापाले नेपालमा खुला हवाइ नीतिका कारण वायु सेवाका क्षेत्रमा धेरै प्रगति भएपनि हवाइ सेवा नाफा आर्जन मात्रै गर्ने कम्पनी नभएकाले करमा सहुलियत दिनुपर्ने बताउनुभयो । यस्तै ट्रेकिङ एजेन्ट्स एशोसियशन नेपाल (टान) का महासचिव श्री मोहन लम्सालले पदयात्रामा जाने भरियाहरूले लाखौं रुपैंया ज्याला पाउने भएपनि भरियाहरूलाई पारिश्रमिक भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्न नसकिएको बताउनुभयो । आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो अन्तरक्रियामा विभागका उपमहानिर्देशक श्री मधुकुमार मरासिनीले कर नीति र भावी कार्यदिशाबारे प्रस्तुतिकरण गर्नुभयो । सो अवसरमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं ३ का प्रमुख कर प्रशासक राममणि दवाडीले कर कानूनका मुख्य प्रावधानहरूबारे कार्यपत्र प्रस्तुत गर्नुभयो भने आन्तरिक राजस्व कार्यालय क्षेत्र नं १ का प्रमुख कर प्रशासक श्री रामशरण पुडासैनीले पर्यटन क्षेत्रको करका सवालहरूबारे प्रस्तुति गर्नुभयो ।



हानका अध्यक्ष श्री श्यामसुन्दर कक्षपति



एयरलाइन्स अपरेटर्स एशोसियशनका अध्यक्ष श्री रामेश्वर थापा


## कर चेतना बढाउन मिडियाको सहयोगी भूमिकाको अपेक्षा

आन्तरिक राजस्व विभागले करदाता शिक्षालाई आम जनताको तहसम्म पुऱ्याई कर प्रशासनको जवाफदेहिता बढाउन सहयोगका लागि समग्र मिडिया क्षेत्रलाई आग्रह गरेको छ । २०६९ भाद्र १५ गते राजधानीको होटल एभरेष्टमा मिडिया क्षेत्रका करदाता एवं पत्रकारहरूसँग आयोजित छलफलमा यस्तो आग्रह गरिएको हो ।

अन्तरक्रियाको उद्घाटन गर्नुहुँदै माननीय अर्थमन्त्री श्री वर्षमान पुनले सरकारले कर प्रशासनलाई पारदर्शी बनाउने अभिप्रायले श्रृङ्खलाबद्ध करदाता शिक्षासम्बन्धी कार्यक्रम आयोजना गरिरहेको बताउँदै यसै वर्षदेखि वर्षमा १ दिन कर दिवस घोषणा गरी करदाता, करका क्षेत्रमा सहयोग गर्ने उत्कृष्ट पत्रकारहरू एवं सञ्चार गृहहरू समेतलाई सम्मान गर्ने सरकारको योजना रहेको बताउनुभयो । कार्यक्रमको सभापतित्व गर्नुभएका अर्थ सचिव श्री कृष्णहरि बाँस्कोटाले नैतिकता र पारदर्शिताको विषय उठाउने पक्ष अझ धेरै मर्यादित हुन आवश्यक रहेकोतर्फ ध्यानाकर्षण गराउँदै मिडिया क्षेत्र आफैं पनि करको दायरामा आई कर पालना गर्न चेतनशील हुनुपर्ने बताउनुभयो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले पछिल्लो समयमा विभिन्न उद्योग व्यवसायमा लगानी गर्ने क्रममा सँगसँगै मिडिया समेत प्रवर्द्धन गर्ने प्रवृत्ति बढेको हुँदा ती संस्थाहरूमा अन्य व्यवसायमा करसम्बन्धी समस्या आउँदा मिडिया पनि प्रभावित हुने खतरा रहेको बताउनुभयो । यस्तो अवस्था आउन नदिन सञ्चार क्षेत्रले करप्रति सचेतना अपनाउँदै व्यवसाय गर्न उहाँले आग्रह गर्नुभयो । कर प्रशासनलाई पारदर्शी बनाउन करदातालाई सबल तुल्याउनुपर्ने धारणा व्यक्त गर्दै उहाँले त्यसका लागि मिडियाको भूमिका अपरिहार्य रहेको बताउनुभयो ।

अन्तरक्रियामा सञ्चार क्षेत्रकातर्फ सहभागी प्रतिनिधिहरूले सञ्चार क्षेत्रले पारदर्शी ढंगले काम गरिरहेको बताउँदै करका प्रावधानको पालना गर्न थप सहज हुने वातावरण बनाउन माग गर्नुभयो । सञ्चार क्षेत्र उधारोमा विज्ञापनको व्यवसाय हुने भएकाले भुक्तानी भइनसकेको बिलको समेत कर तिर्न सञ्चार संस्थाहरू बाध्य भएको, कतिपय सञ्चार गृहले कर्मचारीबाट संकलित स्रोतमा कर कट्टीको रकम कर कार्यालयमा दाखिला गर्ने नगरेको तथा ठूला मिडिया गृहहरूकै कर बक्यौता रहेको जस्ता समस्याबारे सो अवसरमा छलफल भएको छ । अन्तरक्रियामा नेपाल पत्रकार महासंघका कोषाध्यक्ष श्री शीतल शाह, नेपाल विज्ञापन संघ (आन)का अध्यक्ष श्री राजकुमार भट्टराई, ब्रोडकास्टिङ एशोसियशन नेपाल (बान)का अध्यक्ष श्री विष्णुहरि ढकाल, नेपाल छापा माध्यम राष्ट्रिय सञ्जालका अध्यक्ष श्री देवप्रकाश त्रिपाठी, नेपाल आर्थिक पत्रकार संघ (नाफिज)का अध्यक्ष श्री शुकदेव चापागाईं, सञ्चारिका समूहका अध्यक्ष श्री निर्मला शर्मा, नेपाल आर्थिक पत्रकार समाज (सेजन)का पूर्व अध्यक्ष श्री विजय घिमिरे, रेडियो ब्रोडकास्टर्स फोरमका अध्यक्ष श्री आर.के.श्रेष्ठ, सामुदायिक रेडियो प्रसारक संघका कोषाध्यक्ष श्री सुवास खतिवडा लगायतले मिडियाका करदाताको समस्याबारे प्रकाश पार्नुभएको थियो । यस्तै आन्तरिक राजस्व कार्यालय क्षेत्र नं ३ का प्रमुख कर प्रशासक श्री राममणि दवाडीले नेपालको आन्तरिक राजस्व प्रणालीमा मूलभूत कानूनी व्यवस्थाहरू विषयक कार्यपत्र तथा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं १ का प्रमुख कर प्रशासक श्री रामशरण पुडासैनीले मिडिया र करको सवाल बारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।



नेपाल विज्ञापन संघका अध्यक्ष श्री राजकुमार भट्टराई






सञ्चार क्षेत्रका करदाताहरूसँग आयोजित अन्तरक्रियाका सहभागीहरू



Tax Bulletin final - Vol 1 Issue 2 backup.pmd 5 03/09/2012, 16:20

## बुढानीलकण्ठ घो

आन्तरिक राजस्व विभाग र अन्तगर्तका कार्यालय प्रमुखहरूको २०६९ श्रावण १५ देखि १७ गते सम्म बुढानीलकण्ठमा सम्पन्न बार्षिक समीक्षा तथा रणनीतिक योजना तर्जुमा गोष्ठीबाट गत वर्षको समग्र कार्यसम्पादनको समीक्षा गर्दै पाँच वर्षीय रणनीतिक योजना र तीन वर्षीय कर प्रणली सुधार कार्ययोजना पारित गरी यस आर्थिक वर्षलाई कर प्रणाली सुधार वर्षका रूपमा कार्यान्वयन गर्न देहायका कार्यहरू गर्न सिफारिशि साथ प्रतिबद्धता व्यक्त गरिएको छ ।

**(क) नीतिगत र कर प्रणाली सुधार :**

१. आर्थिक वर्ष २०६९/०७० लाई कर प्रणाली सुधार वर्ष घोषणा गरी खोज अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरिनेछ ।

२. सूचना, प्रमाण र अन्वेषणमा आधारित कर छली अनुसन्धान, जोखिमका सूचकांकमा आधारित कर लेखापरीक्षण, कारोवारमा आधारित करदाताको वर्गीकरण, कार्यगत कार्यबोझमा आधारित सँगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित करदाता मैत्री कर प्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन, स्वयं सहभागितामा आधारित करदाता जस्ता उपागम अवलम्बन गरी कर प्रशासन सञ्चालन गरिनेछ ।

३. कर प्रणालीको पाँच वर्षीय रणनीतिक योजना तथा तीन वर्षीय कर प्रणाली सुधार कार्ययोजना स्वीकृत गराई यसै आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइनेछ। आवधिक रूपमा रणनीतिक योजना तर्जुमा तथा परिमार्जन र कर प्रणाली सुधार योजनाको कार्यान्वयन तथा अनुगमनको लागि विभागमा कर प्रणाली सुधार एकाई (Tax System Reform Unit ) स्थापना गर्न सिफारिस गरिएको छ ।

४. विद्यमान आयकर ऐन तथा अन्त: शुल्क ऐन लागू भएको १० वर्ष पूरा भएको तथा मूल्य अभिवृद्धि कर लागू भएको १५ वर्ष पुग्न लागेको सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमा आएको परिवर्तन तथा हाम्रो परिवेशलाई आत्मसात् गर्दै समय सापेक्ष सुधारका लागि अध्ययन तथा विश्लेषण गर्न विशेषज्ञहरूसहितको एक उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गर्न सिफारिश गरिएको छ ।

५. आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकनसम्बन्धी व्यवस्थालाई करदाताहरूमा न्यायिक मनको प्रयोग भएको अनुभूति हुने गरी व्यवस्थित गरिनेछ । बढ्दो करसम्बन्धी विवाद न्यूनीकरण गर्न Dispute Settlement Mechanism को व्यवस्था गर्न पहल गरिनेछ।

६. करसम्बन्धी कानूनहरूमा समयानुकूल परिमार्जन गरी करदातामैत्री बनाइनेछ। करदाताहरूले राज्यबाट सूचना पाउने सूचनाको हक तथा करदाताको करसम्बन्धी सूचना गोप्य राख्नुपर्ने कानूनी प्रावधान समेतलाई विचार गरी सन्तुलित प्रावधानहरू तर्जुमा गरिनेछ ।

७. कर प्रणालीलाई थप प्रभावकारी तथा बढ्दो विश्वव्यापीकरणले यसमा ल्याएको परिवर्तनलाई सम्बोधन गर्न अन्तर्राष्ट्रियस्तरको स्थायी संस्थापन निर्देशिका, मूल्य हस्तान्तरण निर्देशिका, दीर्घकालिन करार निर्देशिका, दोहोरो कर मुक्ति सम्झौतासम्बन्धी नेपालको ढाँचा, करदर्ता र कर संकलनसम्बन्धी निर्देशिका तयार गरी लागू गरिनेछ । अन्तर्राष्ट्रिय कर नीतिअन्तर्गत दोहोरो कर मुक्ति सम्झौता, मूल्य हस्तान्तरण, करसम्बन्धी सूचनाको आदान प्रदान आदिलाई व्यवहारिक रूपमा नै कार्यान्वयन गर्ने क्षमता वृद्धि गर्ने तर्फ जोड दिइने छ । नेपाललाई प्रत्यक्ष फाइदा पुग्ने तथा लगानी प्रोत्साहन हुने मुलुकहरूसँग दोहोरो करमुक्ति सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. करदाताहरूको व्यावसायिक लागत (Doing Business Cost) घटाउन, गुणात्मक सेवा प्रवाह गर्न र कानूनको परिपालना गराई सहभागिता वृद्धि तथा कर छलीलाई निरुत्साहित गर्न करदाताहरूलाई लघु, साना, मध्यम र ठूला करदातामा वर्गीकरण गरिनेछ। यसै आर्थिक वर्षमा लघु, साना तथा मध्यमस्तरीय करदाता (Micro, Small & Medium Enterprises) को कर प्रणालीसम्बन्धी विस्तृत अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ ।

**(ख) करदाता सेवा, शिक्षा तथा सूचना :**

९. उद्योगी तथा व्यवसायी मात्र करदाता हुन् भन्ने विद्यमान आम बुझाइलाई परिवर्तन गरी आयआर्जन गर्ने आम नागरिक करदाता हुन् तथा करको दायरामा आउनु उद्योग, व्यापार, पेशा, व्यवसाय र सोबाट आर्जन हुने आय बैध बनाउने प्रक्रिया हो भन्ने धारणालाई आत्मसात गर्न कर दाता शिक्षा, सूचना तथा सञ्चारका प्रभावकारी कार्यक्रममार्फत् व्यापक प्रचार प्रसार गरिनेछ ।

१०. करका बारेमा जानकारी दिन माध्यमिक तहभन्दा माथिको शैक्षिक संस्थाको पाठ्यक्रममा नेपालको कर प्रणालीसम्बन्धी विषय समावेश गर्न शिक्षा मन्त्रालयसँग समन्वय गरिनेछ । करदाता जागरण, करदाता शिक्षा, तालिम जस्ता कार्यक्रमलाई देशव्यापी रूपमा प्रभावकारी बनाउन सम्पूर्ण कार्यहरूलाई core /non core कार्यमा विभाजन गरी non core कार्यहरू बाह्य सेवा प्रदायक संस्थाहरूमार्फत् सञ्चालन गरिनेछ । करदाता शिक्षा, सूचना तथा सञ्चारका प्रभावकारी कार्यक्रम सञ्चालन गर्न विभागमा छुट्टै एकाई स्थापना गरिनेछ। करसम्बन्धी नियमित रूपमा सूचना प्रवाह गर्न सूचनाको प्रकाशन र वितरणको प्रभावकारी संयन्त्र निर्माण गरिनेछ ।

११. करदाताको स्तर अनुसार शिक्षा तथा सूचना प्रवाहको व्यवस्था मिलाइने छ । राष्ट्रिय स्तरमा विभाग, स्थानीय तहमा आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरूमार्फत् करदाता शिक्षा तथा जागरणका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरिनेछ। यसअन्तर्गत कर बुलेटिन, ब्रोसर्स, शैक्षिक तथा सूचनामूलक लेखहरूको नियमित प्रकाशन तथा गोष्ठी, अन्तरक्रिया, कर शिविर, घुम्ती शिविर, घर दैलो कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२. कर राजस्व संकलनलाई प्रभावकारी बनाउन र करदाताहरूको व्यावसायिक लागतमा कमी ल्याउन राजस्व संकलन गर्न स्वीकृत प्राप्त बैंकको जुनसुकै शाखाबाट राजस्व संकलन र दाखिला गर्न सक्ने व्यवस्था ABBS(Any Branch Banking System) चरणबद्ध रूपमा लागू गरिने छ । विद्युतीय भुक्तानी (e-payment) मार्फत समेत राजस्व दाखिला गर्न सक्ने व्यवस्थाका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ ।

१३. सबै करदाताहरूलाई कर दाखिला गरेको रकम तथा बाँकी बक्यौता रकमसमेत विद्युतीय प्रणालीबाट हेर्न सक्ने (Read only) सुविधा दिन आवश्यक व्यवस्था गरिनेछ स्वयम् कर निर्धारण पद्धतिलाई थप सरल बनाउन "Online Tax Calculator" तत्काल व्यवस्था गरिने छ ।

१४. करदाताहरूको सहज पहुँचको लागि सूचना प्रविधिलाई मुख्य औजारको रूपमा विकसित गर्दै करसम्बन्धी सबै कार्य विद्युतीय माध्यमबाट हुने व्यवस्था मिलाई करदाता र कर प्रशासनको भौतिक सम्मिलन हुने अवस्थाको अन्त्य गरिनेछ । सूचनाप्रविधिमा आधारित सुशासन कायम गर्दै सदाचार वृद्धि गर्न निरन्तर मानवीय नियन्त्रणमा आधारित प्रणालीलाई स्वचालित पद्धतितर्फ रूपान्तरण गर्ने स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

१५.अन्तर निकाय सूचना आदान प्रदान गर्न आन्तरिक राजस्व विभाग र कम्पनी रजिष्ट्रारको कार्यालय बीच विद्युतीय सूचना प्रणाली स्थापित गर्ने प्रक्रिया सुरु भइसकेको छ । साथै उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने साथै अन्य नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, उद्योग



Tax Bulletin final - Vol 1 Issue 2 backup.pmd 6 03/09/2012, 16:20

विभाग, वाणिज्य विभाग, सहकारी विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका लगायतका निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट दर्ता कै अवस्थाको सूचना प्राप्त गरी करमा दर्ता नगरी कारोवार गर्न नपाइने व्यवस्थालाई चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ ।

१६. करदाताहरूलाई कानूनी सल्लाह र करका सम्बन्धमा सुझाव दिन कर परामर्शदाता र कर सम्बन्धी वकालत गर्ने जनशक्ति सहितको संयन्त्र विकास गरिने छ । यस संयन्त्रमार्फत् आम नागरिकसम्म कर परामर्श, करदाता शिक्षा र जागरण अभियान सञ्चालन गरिने छ । कर लेखापरीक्षक तथा कर परामर्शदाताहरूले पालना गर्नु पर्ने नैतिक आचरण तथा आचारसंहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७. कर सम्बन्धी प्रक्रिया सरलीकरणका लागि मानवीय सञ्जाल (Human Network) मा आधारित कार्यपद्धतिको अवलम्बन तथा करदाताहरूले बुझाउनु पर्ने विवरणहरूमा सरलीकरण गरिनेछ ।

लागि बैंकहरूमा खाता खोल्दा वा अन्य कारोवार गर्दा स्थायी लेखा नम्बर अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्था गरिनेछ । व्यावसायिक प्रयोजनका लागि रु. २० लाखभन्दा बढीको ऋण लिँदा वा भुक्तानी गर्दा सोको जानकारी दर्ता भएको आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था गरिनेछ ।

२२. चिकित्सक, इन्जिनियर, वकिल जस्ता पेशाविद्हरूलाई अनिवार्य रूपमा करमा दर्ता भई स्थायी लेखा नम्बर लिएर मात्र पेशा, व्यवसाय गर्ने व्यवस्था गरिनेछ । यस्तो स्थायी लेखा नम्बर साइन बोर्ड तथा प्रेस्क्रिप्सनमा उल्लेख गर्नुपर्नेछ । स्थायी लेखा नम्बर लिएका व्यक्तिहरूले मात्र घरजग्गा रजिष्ट्रेसन सम्बन्धी लेखापढी गर्न पाउने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

२३. बहाल आयआर्जन गर्ने वहाल धनीहरूले अनिवार्य रूपमा आन्तरिक राजस्व विभागले जारी गरेको बहाल कर निर्देशिका वमोजिम बहाल कर पुस्तिका लिनु पर्नेछ । बहाल आयको एकिन सर्वेक्षण र असुली गर्न बहाल धनीहरूको घर निर्माणको विवरण स्थानीय निकायबाट लिई अभिलेख अद्यावधिक

# ...त घोषणापत्र, २०६९

### (ग) करको दायरा विस्तार र सहभागिता :

१८. स्वेच्छिक कर सहभागिताको माध्यमबाट कर संकलन अभिवृद्धि गराउने वर्तमान कर प्रणालीको मुख्य उद्देश्य हो । त्यसैले स्वेच्छिक कर सहभागिता गर्नेहरूको लागत घटाउदै जाने र कर सहभागिता नजनाइ करछली गर्ने तथा छली गर्न तत्पर हुनेहरूप्रति कर अवज्ञा लागत वृद्धि गरी स्वेच्छिक कर सहभागिता जनाउन उत्प्रेरित गरिनेछ । कर नतिरे बापत ठूलो जरिवाना हुने वातावरण आउन नदिन कर प्रशासनले चनाखो भई आफ्नो कार्यक्षेत्रभित्र हुने आर्थिक गतिविधि र व्यापार व्यवसायमा निगरानी गरी समयमा नै सावधान रहन करदाताहरूलाई सचेत गराइने छ ।

१९. मूल्य अभिवृद्धि करको छली प्रकरणलाई ध्यानमा राखी मूल्य अभिवृद्धि करमा दर्ता गर्दा तोकिएका कागजातका अतिरिक्त करदाताको कर सहभागिता जनाउन सक्ने क्षमता र हैसियत, विगतको कार्यानुभव, कारोबारस्थलको विस्तृत नक्सांकन तथा मुख्य व्यक्तिको पूर्ण परिचय खुल्ने कागजातहरूको पूर्ण जाँचबुझ गरेर मात्र दर्ता गरिने व्यवस्था गरिनेछ ।

२०. करमा दर्ता गर्दाकै अवस्थामा आय विवरण बुझाउने, कर भुक्तानी जस्ता कर्तव्य र अधिकार समेत उल्लेख गरी कर सम्बन्धी जानकारी भएको पुस्तिका उपलब्ध गराइनेछ ।

२१. कुनै पेशा तथा व्यावसायिक प्रयोजनका

बनाइनेछ ।

२४. बहाल आयआर्जन गरेको सम्पत्ति धनीले त्यस्तो सम्पत्ति धितो राखी ऋण लिँदा, बिक्री वितरण वा हस्तान्तरण गर्दा कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने व्यवस्था लागू गर्न सिफारिस गरिएको छ ।

### (घ) कर अनुसन्धान तथा कार्यान्वयन :

२५. करको दायरामा आइनसकेका वा आएपनि वास्तविक कारोवार भन्दा न्यून कारोवार अंक देखाउने वा कर कानूनको पालनामा अटेर गर्ने करदाताहरूको गोप्य माध्यमबाट संकलित सूचनाको पर्याप्त विश्लेषणको आधारमा कर अनुसन्धान कार्यमा तिव्रता ल्याइनेछ । जोखिमका आधारमा कर परीक्षण तथा अनुसन्धानको व्यवस्था मिलाइनेछ ।

२६. आयकर तथा मूल्य अभिवृद्धि करमा लगातार विवरण नबुझाउने (Non filler) करदाताहरूको करदर्ता प्रमाण पत्र निष्कृय गरी व्यवसाय गर्न बन्देज लगाईनेछ। करदर्ता प्रमाणपत्र निष्कृय गरेको सूचना वर्षको एक पटक आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयहरूबाट सार्वजनिक गरी यस्तो सूचना भन्सार तथा अन्य सम्बद्ध निकायहरूमा समेत प्रेषित गरी त्यस्ता करदाताहरूको दर्ता खारेजी गरिनेछ ।

२७. व्यापार व्यवसायको क्षेत्रमा आयात निर्यात गर्दाको अवस्थामा भन्सारमा हुने न्यून मूल्यांकन वा घर जग्गा जमिनको मालपोतमा हुने मूल्यांकन वा बजारमा वस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बिजकीकरण वा घर जग्गा बहालमा हुने न्यून घोषणाले अर्थतन्त्रको नै न्यून मूल्यांकन भएको छ । हरेक क्षेत्रमा हुने न्यून बिजकीकरण र न्यून मूल्यांकन नियन्त्रण गर्न सम्बद्ध सबै क्षेत्रमा अभियानको रूपमा उपयुक्त कार्यविधि बनाई विशेष कार्यक्रम सञ्चालन गर्न सिफारिस गरिएको छ ।

२८. आयात तथा आन्तरिक बजारमा हुने न्यून बिजकीकरण न्यूनीकरण गर्न आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा राजस्व अनुसन्धान विभागको एकीकृत अनुगमन संयन्त्रको विकास गरी अनुगमन तथा कारवाही गरिनेछ । न्यून बिजकीकरण तथा न्यून मूल्यांकित मालवस्तु खरीद गर्ने विद्यमान कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ । बिक्रेताबाट वास्तविक कारोवार मूल्यमा बिजक जारी गराउन र उपभोक्तालाई बिजक लिन प्रेरित गर्न बिजक खरीद गर्ने, उपहार कार्यक्रम सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्ने लगायतका कार्यक्रमहरू कार्यविधि बनाई सञ्चालन गरिनेछ ।

२९. करको दायरामा आएका क्षेत्रको प्रभावकारी अनुगमन तथा दायरामा नआएका क्षेत्रको पहिचान र करछली गरी आर्थिक गतिविधि सञ्चालनभएको कारोवारको क्षेत्र (Tax Base) का विषयमा वस्तुपरक अध्ययन गर्न एवं राष्ट्रिय अर्थतन्त्रको आधारमा सालवसाली कर राजस्वको लक्ष्य, प्रवृत्ति अध्ययन अनुसन्धान गरी यथार्थपरक ढंगले प्रक्षेपण गर्न आन्तरिक राजस्व विभागको विद्यमान संरचनामा पुनरावलोकन गरी स्थायी रूपमा कर अनुसन्धान तथा प्रक्षेपण एकाइको गठन गरिनेछ। आयकर, मूल्य अभिवृद्धि कर तथा अन्त: शुल्कमा रहेका कर छुटका सूचीहरू कटौती गरिनु जरुरी देखिएको छ ।

३०. विगतमा भएको मूल्य अभिवृद्धि करको छली तथा Mismatch प्रकरणलाई ध्यानमा राखी सरकारी तथा सार्वजनिक ठेक्का, मालसामान र सेवा आपूर्ति तथा निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर बापतको रकम भुक्तानी दिएको विवरण भुक्तानी गर्ने कार्यालयले अनिवार्य रूपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जानकारी दिने व्यवस्था कडाइका साथ लागू गर्न सिफारिस गरिएको छ ।

३१. सरकारी ठेक्काको माध्यमबाट गरिने वस्तु तथा सेवा खरीदको अन्तिम बिल भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयबाट समायोजन पत्र नभए सम्म भुक्तानी नहुने व्यवस्था मिलाइनेछ ।

३२. एकल खाता कोष प्रणाली (Treasury Single Accounts-TSA) लागू भएका जिल्लामा भुक्तानीको तथ्यांकलाई कर प्रयोजनका लागि उपयोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३३. ठूला करदाताहरूले जारी गर्ने कर बिजकलाई अनिवार्य रूपमा कम्प्युटर सफ्टवेयरमार्फत जारी गर्नु पर्ने व्यवस्था सुरु गरिनेछ । क्रमश: अन्य करदातालाई पनि विद्युतीय माध्यम वा क्यास मेसिनको

प्रयोगद्वारा बिजक जारी गर्न अनिवार्य बनाइनेछ ।

३४.अर्थतन्त्रका विभिन्न क्षेत्रमा हुने चुहावट नियन्त्रण गरी समुचित कर असुल गर्नको लागि सूचना सञ्जालको अपरिहार्यतालाई ध्यानमा राखी High Networth Individual को सूचना संकलन कार्यलाई व्यवस्थित गर्न कर सूचना सञ्जाल (Tax Information Network) सम्बन्धी कार्य गर्न एउटा छुट्टै संयन्त्र खडा गर्न अध्ययन गरिनेछ । यस निकायले अर्थतन्त्रका सबै क्षेत्रको सूचना अभिलेख तथा प्रशोधन गरी कर प्रशासन लगायत नेपाल सरकारका विभिन्न निकायलाई उपलब्ध गराउनेछ ।

३५. कर दायित्व निर्धारण र कर भुक्तानीबीच उल्लेखनीय फरकले वास्तविकता भन्दा निकै कम मात्र कर भुक्तानी भएको छ । साथै विगतको कर निर्धारण भएको ठूलो अंकमा असुल गर्न बाँकी रहेको हुँदा बक्यौता असुलीका व्यापकरूपमा कार्यक्रमहरू सञ्चालन गर्ने र कानूनी उपचारका माध्यमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

३६. विगतको राजस्व तथा विनियोजनतर्फको बेरुजु फछ्र्यौटमा अघिल्ला आर्थिक वर्षहरूमा उत्साहजनक प्रगति हासिल भएको छ। चालु आर्थिक वर्षमा समेत बाँकी बेरुजु वेमाख गर्न अभियान चलाइने छ ।

**(ङ) अन्तः शुल्कजन्य वस्तुको व्यवस्थापन :**

३७. अन्तः शुल्कको हालको भौतिक नियन्त्रण प्रणालीलाई क्रमश स्वयं निष्काशन प्रणालीमा रूपान्तरित गरी विद्युतीय माध्यमबाट नियमन गर्ने व्यवस्था मिलाइनेछ । यस आ.व. भित्र Excise Automation Software लाई पूर्ण रूपले कार्यान्वयनमा ल्याइनेछ । अन्तः शुल्कजन्य पदार्थको परीक्षणका लागि आधुनिक प्रयोगशाला स्थापना गरि नेछ ।

३८. अन्तः शुल्क स्टीकरको प्रभावकारी व्यवस्थापनका लागि Track and Trace System लागू गर्न आवश्यक पूर्वाधारको तयारी गरिनेछ । अन्तः शुल्क प्रशासनलाई आधुनिक कर प्रणालीको मूलप्रवाहमा आन्तरिकीकरण गरिने छ ।

३९. अन्तः शुल्कमा हुने चुहावटलाई नियन्त्रण गर्न प्रभावकारी रूपमा नियमित अनुगमन गरी देखिएका अनियमिततासमेतका आधारमा एवं प्राप्त अन्य सूचना र प्रतिवेदन अभिलेख समेतको विश्लेषण गरी प्राथमिकताका साथ तत्काल अनुसन्धान र कारवाही गरिनेछ । वियर उद्योगहरूमा लागू गरिएको फ्लोमिटरको व्यवस्था पुनरावलोकन गरी वैकल्पिक उपाय अवलम्बन गरिनेछ ।

४०. अवैध मदिरा उत्पादन गर्ने व्यक्तिहरूलाई मदिरा ऐन तथा अन्तः शुल्क ऐनको सजायको अतिरिक्त कसुरको मात्राको आधारमा खाद्य ऐन अनुसार पनि कारवाही गर्न आवश्यक व्यवस्था मिलाइनेछ । मदिरा र सुर्तीजन्य पदार्थहरू र अन्य उपभोग्य सामाग्री एकै स्थानबाट बिक्रीवितरण गर्न नपाइने व्यवस्थालाई कडाइका साथ अनुगमन गरिनेछ ।

**(च) कर प्रशासन र व्यवस्थापन :**

४१. कर प्रशासनको विद्यमान संगठनात्मक संरचना, जनशक्ति व्यवस्था र कार्यप्रणालीलाई कार्यगत (functional) तथा प्रकृति (Segment) का आधारमा पुनरावलोकन गरी व्यवस्थित गरिनेछ । ठूला करदाता कार्यालयलाई कर परीक्षण तालीम केन्द्र तथा Center for Excellence को रूपमा विकास गरिनेछ ।

४२. कर प्रशासनलाई कागजरहित प्रशासनका रूपमा विकास गर्न सूचना प्रविधिको क्षेत्रमा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। विभागको कानून शाखालाई महाशाखामा परिणत गरी कार्यबोझका आधारमा आन्तरिक राजस्व कार्यालयहरूमा समेत जिल्ला न्यायाधिवक्ताको दरबन्दी सिर्जना गरिनेछ ।

४३. आगामी तीन वर्ष भित्र सबै जिल्लाहरूमा करदाताहरूको सहज पहुँच पुग्ने गरी आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरू स्थापना गरिनेछ । करदाता सेवा कार्यालय नभएका जिल्लाहरूमा कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत् सेवा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

४४. कर संगठन भित्रको अन्तर्सम्बन्ध, कार्यबोझ, उत्तरदायित्व, जिम्मेवारी लगायत कार्यहरूमा प्रभावकारिता र दक्षता अभिवृद्धि गर्न तत्काल संगठनात्मक सुधारका कार्यक्रम अगाडि बढाइनेछ । आन्तरिक राजस्व विभाग र अन्तर्गत ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयहरूको कार्यक्षेत्र, कार्यविवरण र उत्तरदायित्व तथा जिम्मेवारी किटान गरी यी कार्यालयहरू बीचको अन्तरसम्बन्ध स्पष्टरूपमा परिभाषित गरिनेछ ।

४५. विगतमा भएका राजस्व चुहावट तथा कर छलीका श्रृंखलाबद्ध प्रवृतिहरू नियन्त्रण गरी सम्भावित राजस्वका स्रोतहरूको संरक्षण गर्दै तथा राजस्व अधिकाधिक परिचालनबाट परनिर्भरतालाई न्यून गर्न राजस्व प्रशासनको वर्तमान संगठनात्मक संरचना, कानूनी व्यवस्था, कार्यप्रणाली र जनशक्ति व्यवस्थापनमा व्यापक पुनर्संरचना गरी क्षमता अभिवृद्धि गर्नु अत्यावश्यक भएको छ। राजस्व प्रशासन सुधारको थालनीका लागि विगतदेखि प्रस्ताव गरिएको तर कार्यान्वयनमा आउन नसकेको केन्द्रीय राजस्व बोर्डको तत्कालै गठनको प्रकिया थालनीको लागि समेत सिफारिस गरिएको छ ।

४६. कर प्रशासनका जनशक्तिलाई दक्ष तथा सीपयुक्त बनाउन विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। कर प्रशासनका कर्मचारीहरू र करदाताबीच अवाञ्छित सम्बन्ध स्थापित हुनबाट रोक्न कर प्रशासन र कर अधिकृतहरूको विद्यमान आचारसंहिता परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ । कर परीक्षणको गुणस्तर वृद्धिगर्न कर अधिकृतहरूको क्षमता र कार्य अनुभवको आधारमा मात्र कर परीक्षणको जिम्मा दिइनेछ ।

४७. कर अधिकृतहरूलाई कर परीक्षण तथा अनुसन्धानमा अझ बढी जिम्मेवार बनाउन कर निर्धारणको गुणस्तर र प्रशासकीय पुनरावलोकन तथा आन्तरिक पुनरावलोकनमा देखिएका तथ्यहरूलाई अभिलेखीकरण गरी कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गरिनेछ ।

४८. सामान्यतया निश्चित अवधि कर प्रशासनमा कार्यअनुभव भएका कर अधिकृतहरूलाई मात्र ठूला करदाताहरूको कर निर्धारण गर्ने जिम्मेवारी दिइनेछ। नयाँ सेवामा प्रवेश गर्ने अधिकृतहरूलाई अबदेखि कर सम्बन्धी सघन तालिम दिएर मात्र पदस्थापन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ । ज्ञान, सीप र क्षमतायुक्त जनशक्ति तयार गर्न सेवा प्रवेशकै समयदेखि दक्ष बनाउनका लागि Tax Academy स्थापना गर्ने वा विश्वविद्यालयहरूमा कर प्रणालीसम्बन्धी सघन अध्ययनको व्यवस्था मिलाइनेछ ।

४९. आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबीच सूचना सञ्जालमार्फत् सूचना आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ। राजस्व प्रशासनका विभिन्न क्षेत्रबीच प्राविधिक विषयहरूमा समन्वयात्मक ढंगले नीति निर्माणमा सुझाव प्रदान गर्न तथा कार्यान्वयन तहमा देखिएका समस्या समाधान गर्न विभिन्न विभागहरूबीच प्राविधिक समितिहरू गठन गरी कार्यगत समन्वय कायम गरिनेछ ।

**(छ) विविध :**

५०. हरेक वर्षको मंसीर १ गते लाई राष्ट्रिय कर दिवस (National Tax Day) को रूपमा मनाउन सिफारिश गरिएको छ । । मंसीरको पहिलो सप्ताहलाई राष्ट्रिय कर सप्ताहको रूपमा मनाइनेछ।

५१. करसँग डर होइन भर गरौं । कर तिरौं आफ्नो आम्दानीको बैधता सुनिश्चित गरौं । करको चर्चा घर घर सम्म पुऱ्याऔं । कर तिरी सभ्य नागरिकको परिचय दिऊँ । आफ्नो आय आफैं हिसाब गरेर ठीक रकम कर तिरौं । कर तिर्नु नागरिकको कर्तव्य हो। करसम्बन्धी जानकारी दिनु कर प्रशासनको दायित्व हो । व्यापारी, व्यवसायी मात्र कर दाता होइनन्, करयोग्य आयआर्जन गर्ने आम नागरिक करदाता हुन् भन्ने धारणा बनाऔं । आफूले तिरेको करको सदुपयोग भयो भएन निगरानी गरौं । कर छलीको सूचना भएमा कर प्रशासनलाई दिई कर असुल गर्न सहयोग गरौं । पेशा व्यवसाय गर्नु अगावै स्थायी लेखा नम्बर लिऊँ। "बजारमा वस्तु वा सेवा खरीद गर्दा अनिवार्य रूपमा बिल बिजक लिने दिने बानी बसालौं" लगायतका विविध नाराहरूको व्यापक प्रचार प्रसार गरी कार्यान्वयनमा ल्याइनेछ ।

५२. चालु आर्थिक वर्षमा तोकिएको राजस्व लक्ष्य अनुसार असुल गर्ने प्रतिबद्धता व्यक्त गर्दै करदाता शिक्षा र सचेतना, कर दर्तामा सरलीकरण, बजार अनुगमन, कर निर्धारण, कर लेखा परीक्षण र अनुसन्धान, न्यायिक निरूपण लगायतका कर प्रशासनका अन्य कार्यगत लक्ष्यहरूलाई समेत उत्तिकै महत्व दिई कार्यसम्पादन गरिनेछ ।

# अधिकांश कार्यालयहरूबाट लक्ष्यभन्दा बढी राजस्व असुली

आन्तरिक राजस्व विभाग अन्तर्गतका २३ वटा आन्तरिक राजस्व कार्यालयहरूमध्ये १९ वटा कार्यालयहरूले आ. व. २०६९/७० को श्रावण महिनाको लागि निर्धारित लक्ष्यभन्दा बढी राजस्व असुली गर्न सफल भएका छन् । यसरी लक्ष्यभन्दा बढी राजस्व असुली गर्न सफल कार्यालयहरूमध्ये आन्तरिक राजस्व कार्यालयहरू लहान, वीरगञ्ज, विराटनगर, ललितपुर र बुटवलको असुली लक्ष्यको तुलनामा १२० प्रतिशत भन्दा बढी रहेको छ भने आन्तरिक राजस्व कार्यालयहरू काठमाडौं क्षेत्र नं. १, भक्तपुर, हेटौंडा, धनगढी, भरतपुर र ठूला कर दाता कार्यालयहरूको लक्ष्यको तुलनामा ११० प्रतिशत भन्दा बढी असुली रहेको छ ।

| क्र.सं | कार्यालय | २०६९/०७० श्रावण महिनाको लक्ष्य | २०६९/०७० श्रावण महिनाको असुली | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | ठूला करदाता | २७९९६१९ | ३०७९५६० | ११० |
| २ | काठमाडौं क्षेत्र नं १ | ७७२२९५ | ९१२३५२ | ११८ |
| ३ | काठमाडौं क्षेत्र नं ३ | ७१५२३५ | ७४१३३२ | १०४ |
| ४ | भरतपुर | ४६८३७४ | ५२२३३५ | ११२ |
| ५ | ललितपुर | ३९२६९८ | ४७९९६० | १२२ |
| ६ | सिमरा | ५०७९३० | ४५०३८० | ८९ |
| ७ | काठमाडौं क्षेत्र नं २ | ३०२९४४ | २८९२०५ | ९५ |
| ८ | विराटनगर | २१३५६० | २६०५६६ | १२२ |
| ९ | पोखरा | १७४०१३ | १८५६४५ | १०७ |
| १० | बुटवल | १२८९५३ | १५६५१३ | १२१ |
| ११ | नेपालगञ्ज | १३४९७१ | १४३७९३ | १०७ |
| १२ | भैरहवा | १३८७९४ | १३८५५० | १०० |
| १३ | धरान | १२८८४६ | १३८४२६ | १०७ |
| १४ | हेटौंडा | ११४१८० | १२९०९५ | ११३ |
| १५ | भक्तपुर | १०८२१९ | १२३१७४ | ११४ |
| १६ | वीरगञ्ज | ९६०८१ | ११९४८८ | १२४ |
| १७ | भद्रपुर | ८७८२६ | ९३२३८ | १०६ |
| १८ | धनगढी | ७६५३९ | ८६३२९ | ११३ |
| १९ | लहान | ५१९१३ | ८१०३२ | १५६ |
| २० | जनकपुर | ७२१५८ | ७७६६७ | १०८ |
| २१ | महेन्द्रनगर | ६२५७८ | ६५७४७ | १०५ |
| २२ | दाङ | ६०५५५ | ५९९५३ | ९९ |
| २३ | कृष्णनगर | ३३७३५ | ३१४४९ | ९३ |
| | जम्मा | ७,६४२,०१४ | ८,३६५,७८९ | १०९ |

# करदाता शिक्षा दिग्दर्शन तर्जुमासम्बन्धी कार्यशाला सम्पन्न





करदातालाई शिक्षा दिने विधि तय गर्ने उद्देश्यले आन्तरिक राजस्व विभागले GIZ/RAS Project तथा DANIDA सँगको सहकार्यमा करदाता शिक्षा दिग्दर्शनको तयारी एवं प्राप्त तथ्यहरूबारे १ दिने कार्यशाला गोष्ठी सम्पन्न गरेको छ । राजधानीको होटल एभरेष्टमा २०६९ भाद्र ७ गते आयोजित सो कार्यशाला गोष्ठीमा विगत ६ महिनासम्म अध्ययन अनुसन्धान गरी तयार पारिएको करदाता शिक्षा दिग्दर्शनको मस्यौदा सार्वजनिक गरिएको छ । सो कार्यक्रमको सभापतित्व गर्नुभएका विभागका महानिर्देशक श्री टंकमणि शर्माले करदातालाई शिक्षित बनाउने रणनीतिक सञ्चार योजना एवं सञ्चार गर्ने माध्यमको छनोटको रणनीति तय गर्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो । GIZ/RAS Project कोतर्फबाट डा. गोस मार्टिन र DANIDA कोतर्फबाट श्री शिव शर्मा पौडेल उपस्थित रहनुभएको सो कार्यक्रममा GIZ/RAS Project का प्रतिनिधि श्री बायन्का स्नोबरले करदाता शिक्षा दिग्दर्शनको मस्यौदाबारे प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा सहभागी सञ्चारसम्बद्ध विज्ञहरूले करदाता शिक्षाको प्रभावकारिताका लागि माथिबाट तल हुने ठाडो सञ्चारको सट्टा समान तहको सञ्चार अभ्यास गर्न सुझाव दिनुभयो ।

कर प्रशासनले हालसम्म करदातालाई कर तिर्न आउनका लागि सूचित गर्ने बाहेक विशिष्ट एवं योजनाबद्ध सञ्चार गर्न नसकेकोतर्फ जोड दिँदै सहभागीहरूले आगामी दिनमा विशेष ढंगले करदाताका आवश्यकता सम्बोधन गर्ने गरी शिक्षा र सञ्चार प्रक्रिया अघि बढाउन विभागलाई सुझाव दिए ।

# "२५ करोडको सीमामा पुनरावलोकन आवश्यक देखिन्छ"



आन्तरिक राजस्व विभाग अन्तर्गत वार्षिक २५ करोडभन्दा बढीको कारोबार गर्ने सम्पूर्ण कर दाताहरूको कार्यक्षेत्र ठूला करदाता कार्यालयअन्तर्गत पर्दछ । गत आ.व.मा यस कार्यालयबाट जम्मा रु.४९ अर्ब ४० करोड राजस्व असुली भएको थियो जुन विभागको कुल असुलीको झण्डै ५१ प्रतिशत हुन आउँछ । प्रस्तुत छ, राजस्व असुली लगायत कार्यगत लक्ष्यहरू पूरा गर्न कार्यालयले अवलम्बन गरेका र णनीतिहरूका सम्बन्धमा प्रमुख कर प्रशासक श्री आनन्दराज ढकालसंगको अन्तरवार्ताः

***आन्तरिक राजस्व विभागअन्तर्गत उठ्ने कुल राजस्वमध्ये झण्डै ५० प्रतिशत राजस्व उठाइरहेको ठूला करदाता कार्यालयले अवलम्बन गरेको रणनीति के कस्ता रहेका छन् ?***

गत आ.व.मा आन्तरिक राजस्व विभागको कुल राजस्व असुली रु. ९८ अर्ब १२ करोडमध्ये ठूला करदाता कार्यालयले रु. ४९ अर्ब ४० करोड असुल गरेको छ, जसको अंश करिब ५१ प्रतिशत हुन आउँछ । यत्रो ठूलो राजस्व रकम संकलन गर्न निश्चित रणनीतिहरू आवश्यक हुन्छ । यस क्रममा हामीले मासिक रूपमा राजस्व प्रक्षेपण गरी असुलीको अनुगमन गर्ने, बक्यौता असुलीमा जोड दिने, बेरुजु अभिलेखलाई अद्यावधिक गरी फछ्र्यौट गर्ने, पुनरावेदनमा रहेका मुद्दाहरूको अनुगमन गर्ने, कर परीक्षणको कार्यलाई यथासम्भव राजस्व संकलनमा सहयोग पुग्ने गरी सम्पन्न गर्ने र Tax Compliance को स्तरलाई बढाउदै लैजाने प्रयास गरेका थियौं ।

***यस कार्यालयको गत आ.व.मा मू.अ.कर वाहेक झण्डै रु. १३ अर्ब राजस्व बक्यौता रहेको देखिन्छ । उक्त बक्यौता असुलीको वर्तमान अवस्था र कार्यालयका प्रयासहरू कस्ता छन् ?***

यस कार्यालयले गत आ.व. २०६८/०६९ मा मू.अ.कर रु.१ अर्ब ४३ करोड र अन्य कर रु.८८ करोड समेत जम्मा रु २ अर्ब ३१ करोड बक्यौता असुल गरेको छ । यसका लागि सबै कानूनी उपायहरूको अवलम्वन गरिएको छ । मूल्य अभिवृद्धि कर बक्यौता असुली गर्न करदातालाई सुरुमा मौखिक एवं लिखित अनुरोध गर्ने र दोस्रो चरणमा करदाताको बैंक खाता रोक्का राख्ने, कारोवार बन्द गर्ने, निकासी तथा ओसारपसार रोक्का राख्ने जस्ता कार्यहरू गर्ने गरिएको छ भने आयकर सम्वन्धी बक्यौता असुलीका लागि पनि ऐनले निर्दिष्ट गरेका प्रक्रियाहरूको अवलम्वन गर्ने गरिएको छ ।

***वार्षिक २५ करोड भन्दा बढीको कारोवार गर्ने कर दाताहरू त्यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने गरेतापनि यस सम्बन्धमा हालमा आएर उक्त कारोवारको सीमा बढाउनु पर्ने चर्चा चलिरहेको छ, सो सम्बन्धमा यहाँको धारणा के छ ?***

हाल यस कार्यालयमा जम्मा ७२२ करदाता छन् । सरदर १५ % Inflation Rate रहेको सन्दर्भमा वस्तु तथा सेवाको परिमाण वृद्धि नभए पनि ७ वर्षको अन्तरालमा कारोवार अंक दोब्बर हुन जान्छ । यसलाई मात्र आधार मान्दा पनि ७ वर्ष अगाडि कायम गरिएको रु. २५ करोड सीमा हाल पुनरावलोकन हुन आवश्यक देखिन्छ । फेरि कार्यालयको विद्यमान संरचना स्वीकृत हुँदा करदाताहरूको संख्या करिब २०० को हाराहारीमा रहेकोमा हाल यो संख्या ७२२ पुगिसकेको छ । साविक संरचनाबाटै बढ्दो कार्य जिम्मेवारी पूरा गर्नुपर्दा काम सम्पन्न गर्न नै गाह्रो हुने र कामको गुणस्तर कायम गर्न पनि कठिन हुने हुँदा ठूला करदाताको हालको सीमा पुनरावलोकन हुन आवश्यक देखिन्छ ।

***आन्तरिक राजस्व विभागअन्तर्गत ठूला करदाता कार्यालय एउटा मात्रै रहेको र यस कार्यालयबाट देशभर छरिएका ठूला करदाताहरूको करको प्रशासन गर्नुपर्ने सन्दर्भमा करदाता र कर प्रशासनमा परेका असुविधा के कस्ता छन्, तिनको समाधानको उपाय के हुनसक्छ ?***

ठूला करदाता कार्यालयको संरचना केन्द्रमा सीमित रहेको र करदाताहरू नेपालभर छरिएर रहेका हुनसक्ने हुँदा कार्यालय र करदाता दुवैलाई कतिपय विषयमा असजिलो भएको हुनसक्छ । खासगरी कार्यालयको दृष्टिकोणबाट हेर्दा करदाताहरूलाई अभिमुखीकरण गराउन, उनीहरूका गुनासाको तत्काल सम्बोधन गर्न र कतिपय अवस्थामा राजस्व संकलन गर्ने कार्यमासमेत कठिनाइ उत्पन्न भएको छ भने करदाताहरूकोतर्फबाट पनि आय विवरण पेश गर्ने, राजस्व जम्मा गर्ने, कर चुक्ताका प्रमाणपत्रहरू प्राप्त गर्ने लगायतका थुप्रै विषयमा असजिलो भएको हुनसक्छ । यस्ता समस्याहरूमध्ये अधिकांश समस्याको समाधानका लागि विद्युतीय प्रणालीमा आधारित सेवालाई सुदृढ गर्न जरुरी छ भने राजस्व संकलन र दाखिलासम्बन्धी कठिनाइलाई न्यूनीकरण गर्न ABBS प्रणालीले सहयोग पुऱ्याउन सक्छ । ठूला करदाता कार्यालय स्थापना गर्नुको सान्दर्भिकता र प्रशासनिक लागत समेतलाई विचार गर्दा तत्काले देशका अन्य स्थानमा यस्तै कार्यालय वा यसका शाखाहरू खोल्नेतर्फ सोच्नु आवश्यक छैन ।

***स्वयं कर निर्धारण प्रणालीमा करदाताले सही ढंगबाट करसम्बन्धी दायीत्व पूरा गरेनगरेको छानबिन गरी कर चुहावट हुन नदिने माध्यम कर परीक्षण र अनुसन्धान नै हो । कर परीक्षण र अनुसन्धानलाई थप प्रभावकारी वनाउन यस कार्यालयले अवलम्बन गरेका उपायहरू के के छन् ?***

यस कार्यालय अन्तर्गतका करदाताहरूको शतप्रतिशत करपरीक्षण हुनुपर्ने कुरा माथिल्ला प्रसंगहरूमा आइसकेको छ । त्यस्तो कर परीक्षण र अनुसन्धानात्मक परीक्षणका विषयहरू गुणस्तरीय हुन सकून् र त्यसबाट कर छली र कर चुहावट नियन्त्रण गर्न सहयोग पुगोस् भन्ने विषयमा हाम्रो ध्यान पुगेको छ । यसका लागि मूलतः २ वटा फरक फरक रणनीतिहरू अख्तियार गरिएको छ । पहिलो त कर्मचारीहरूको क्षमता विकास हो जसअन्तर्गत विभागसँग समन्वय गरी विषयवस्तु केन्द्रीत तालिम र कार्यालयभित्रै अभिमुखीकरण कार्यक्रम (In House Orientation) सञ्चालन गर्ने गरिएको छ भने अर्कोतर्फ कर परीक्षण र अनुसन्धानात्मक कर परीक्षणलाई चुस्त र वृहत् तुल्याउने प्रयास गरिएको छ । यसअन्तर्गत बक्यौता कर परीक्षण यथाशीघ्र सम्पन्न गर्ने, राजस्व जोखिममा परेका करदाताको प्राथमिकताका साथ परीक्षण गर्ने, कर परीक्षणका विभिन्न त्ययकि हरूको प्रयोग गरी कर परीक्षण कार्यको स्तरवृद्धि गर्ने, सम्भावित कर छलीका आधार एवं तरिकाको खोजी गरी परीक्षण गर्ने कार्यको थालनी गरिएको छ ।

***विशेष गरी बहुराष्ट्रिय कम्पनीहरूको कर प्रशासन यस कार्यालयबाट हुने सन्दर्भमा अन्तर्राष्ट्रिय करसँग सम्बन्धित विषयहरू Transfer pricing, Tax Avoidance Arrangement हरूलाई नियन्त्रण गर्न त्यस कार्यालयबाट भए गरेका प्रयासहरूबारे कसरी उल्लेख गर्नुहुन्छ ?***

बहुराष्ट्रिय कम्पनीको कर परीक्षण एवं अनुसन्धान गर्दा Thin Capitalization, PE, Tax Treaty एवं Transfer Pricing जस्ता विषयहरूमा विशेष ध्यान दिने गरिएको छ । साथै विभागसँग समन्वय गरी सोसँग सम्बन्धित विषयमा विभिन्न किसिमका तालिम र प्रशिक्षणमार्फत् कर्मचारीको क्षमता वृद्धि गर्ने प्रयास गरिएको छ ।

***न्यून बिजकीकरण एवं कारोवारको न्यून मूल्याङ्कनबाट ठूलो मात्रामा कर चुहावट हुनुका साथै समग्र अर्थतन्त्र नै न्यून मूल्यांकित भइरहेको भन्ने सन्दर्भमा उक्त समस्याको समाधानका लागि यस कार्यालयबाट सो समस्या समाधानका लागि कस्ता रणनीतिहरू अवलम्बन गरिएका छन् ?***

न्यून बिजकीकरणको नियन्त्रण राजस्व प्रशासनको ठूलो चुनौतिको रूपमा रहेको छ र कुनै कार्यालयको एकल प्रयासबाट यसको न्यूनीकरण गर्न त्यति सहज देखिँदैन । आफूले तिरेको मूल्य बमोजिमको बिजक लिनका लागि आम उपभोक्ता सचेत हुन आवश्यक छ । यसका लागि करदाता र आम उपभोक्ताहरूमै पनि चेतनामूलक कार्यक्रमहरू उपलब्धिमूलक हुन सक्छ । त्यस्तै न्यून बिजकीकरण एवं कारोवारको न्यून मूल्यांकन हुने क्षेत्रको पहिचान गर्ने, त्यस्ता करदाताको कर परीक्षण एवं अनुसन्धान गर्ने जनशक्तिको व्यावसायिक क्षमता आभिवृद्धि गर्ने र कर परीक्षण एवं अनुसन्धान कार्यको स्तरवद्धि एवं सुदृढीकरण गर्ने रणनतिहरू अवलम्बन गर्नु सान्दर्भिक हुने देखिन्छ ।

***अन्त्यमा कर दायित्व पालनाका सम्बन्धमा यस कार्यालय अन्तर्गतका करदाताहरूलाई कुनै सन्देश दिन चाहनुहुन्छ कि ?***

वास्तविक कारोवार र सो अनुसार लाग्ने करको घोषणा गरी समयमा कर तिरी थप दस्तुर, ब्याज, शुल्क एवं दण्ड जरिवानाबाट बच्न सबै करदाताहरूलाई अनुरोध गर्न चाहन्छु । ठूला करदाता कार्यालय परिवार सदैव करदाताकै साथमा रहनेछ ।

# अडिटर्स एशोसियशनसँग अन्तरक्रिया सम्पन्न

आन्तरिक राजस्व विभागले २०६९ श्रावण २० का दिन नेपाल अडिटर्स एशोसिएशन (अडान) सँग एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । अर्थ सचिव श्री कृष्णहरि बाँस्कोटा प्रमुख अतिथि रहेको सो कार्यक्रममा विभागका महानिर्देशक श्री टंकमणि शर्मा, उपमहानिर्देशकहरू, प्रमुख कर प्रशासकहरू, निर्देशकहरू तथा अडानका लेखापरीक्षण अनुमतिपत्रधारी सदस्यहरूको सहभागिता रहेको थियो । सो कार्यक्रममा अर्थ सचिव श्री बाँस्कोटाले कर लेखापरीक्षकहरू कर प्रशासन र करदाताहरूका बीचको सेतुको रूपमा रहेका र उनीहरूको भूमिका व्यवसायिक र दक्षतामा आधारित हुनुपर्नेमा जोड दिनुभयो । मूल्य अभिवृद्धि करको नक्कली बिजकको अनुसन्धान गर्ने सिलसिलामा उजागर भएका केही तथ्यहरूले लेखापरीक्षकको भूमिकासमेत शङ्कास्पद भेटिएकोतर्फ इंगित गर्दै उहाँले लेखापरीक्षकहरूलाई मू.अ.कर, २०५२ मा नक्कली कागजात तथा विवरण तयार गरी कर छली गर्न सहयोग गर्ने कुनै पनि व्यावसायिक व्यक्तिलाई मतियारको रूपमा कारवाही गर्न सक्ने व्यवस्था रहेकोतर्फसमेत ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै विभागका महानिर्देशक श्री टंकमणि शर्माले एउटै लेखापरीक्षकले एउटै कम्पनीको फरक फरक Balance Sheet हरूमा हस्ताक्षर गर्ने गरेको पाइएको हुँदा आगामी दिनहरूमा यसो नगर्न आग्रह गर्दै लेखापरीक्षण गर्न नेपाल सरकारले दिएको अनुमतिपत्रको इज्जत राखेर नेपाल सरकारलाई विश्वासघात नगर्न समेत अनुरोध गर्नुभयो । कार्यक्रमका अर्का वक्ता नेपाल चार्टर्ड एकाउन्टेण्ट संस्था (ICAN) का अध्यक्ष श्री मधुवीर पाण्डेले कर प्रशासकहरू तथा लेखापरीक्षकहरू दुवै पक्षको क्षमता अभिवृद्धि गरेर व्यवसायिकताको विकास गर्नमा जोड दिनुपर्ने धारणा राख्नुभएको थियो भने अडानका महासचिव श्री उमेशप्रसाद ढकालले यस कार्यक्रमले Tax Compalaince बढाउन र लेखा परीक्षकहरूका द्विविधाहरू घटाउनमा सहयोग गर्ने आशा व्यक्त गर्नुभयो । सो अन्तरक्रिया कार्यक्रममा विभागका उपमहानिर्देशक श्री कृष्णप्रसाद देवकोटाले स्वागत मन्तव्य राख्नुभएको थियो भने विभागकातर्फबाट उपमहानिर्देशक श्री मधुकुमार मरासिनीले लेखापरीक्षकको भूमिका तथा दायित्व समावेश गरिएको कर प्रशासन र कर लेखा परीक्षक विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी अडानका तर्फबाट कर प्रशासनमा लेखा परीक्षकको भूमिका विषयक कार्यपत्र अडानका महासचिव श्री उमेशप्रसाद ढकालले प्रस्तुत गर्नुभएको थियो ।




# एकीकृत बजार अनुगमन तथा घर बहाल करसम्बन्धी निर्देशन जारी

आन्तरिक राजस्व विभागको करदाता सेवा शाखाले यही भाद्र ६ गते सबै आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूलाई एकीकृत बजार अनुगमन तथा घर बहाल कर सम्बन्धी निर्देशन जारी गरेको छ । सो निर्देशन बमोजिम भाद्र १० गते प्रथम चरणको बजार अनुगमन सम्पन्न समेत भइसकेको छ भने अन्य अनुगमनका कार्यक्रमहरू साप्ताहिक रूपमा भाद्र १७, २४ र २९ गते सम्पन्न गर्नुपर्नेछ । सोको प्रतिवेदन विभागमा साप्ताहिक रूपमा पठाउनुपर्ने छ । त्यसैगरी आफ्नो क्षेत्र भित्र रहेका घर बहालमा दिने घरधनीहरूको नियमित सर्वेक्षण गरी सोको प्रतिवेदन समेत विभागमा पाक्षिक रूपमा पठाउनुपर्ने छ ।

## करसम्बन्धी जानकारी

*पृष्ठ २ बाट जारी*

**आयकर**

आयकर भन्नाले कुनै व्यक्ति वा संस्थाले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर हो । यो एक प्रत्यक्ष कर हो जसको प्रमुख उद्देश्य मुलुकको आर्थिक विकासका लागि राजस्व संकलन गर्नु र आयको वितरणमुखी न्यायको प्रत्याभूति गराउनु हो ।

**१. नेपालमा कुन कुन स्रोतको आयमा कर लाग्दछ ?**

नेपालमा रोजगारी, व्यवसाय, लगानी र आकस्मिक लाभको स्रोतबाट प्राप्त आयमा कर लाग्दछ । श्रम (labour) को लगानीबाट प्राप्त हुने पारिश्रमिक, ज्याला, भत्ता सुविधा, बोनस, निवृत्तिभरण, उपदान वा रोजगारीका सम्बन्धमा प्राप्त हुने कुनै पनि भुक्तानी रोजगारीबाट भएको आयअन्तर्गत पर्दछ । सक्रिय श्रम, पुँजीको निष्क्रिय लगानी र उद्यमशीलताको मिश्रणबाट गरिने उद्योग, व्यापार, पेशा व्यवसायको स्रोतबाट प्राप्त हुने मुनाफा, लाभ, सेवा शुल्क, मालसामान वा सेवाको बिक्रीबाट प्राप्त रकम, व्यवसायसँग सम्बद्ध पुँजीगत लाभ तथा व्यवसायसँग सम्बद्ध भुक्तानीहरूलाई व्यवसायको स्रोतबाट प्राप्त आय मानिन्छ । कुनै पनि प्रकारले पुँजी वा पुँजीगत सम्पत्तिको लगानीबाट प्राप्त हुने लाभांश, ब्याज, रोयल्टी, भाडा, प्राकृतिक स्रोत बापतको भुक्तानी, लगानी बिमा वा अवकाश कोषबाट प्राप्त लाभ, पुँजीगत लाभ वा लगानीसँग सम्बन्धित अन्य भुक्तानीहरू लगानीबाट भएको आयअन्तर्गत पर्दछ । यसरी माथि उल्लेखित आयका स्रोत हुने व्यक्ति तथा संस्थाहरूले आयकर भुक्तानी गर्ने प्रयोजनका लागि आयकर ऐन, २०५८ अनुसार स्थायी लेखा नम्बर (PAN) लिनु पर्दछ ।

**१. स्थायी लेखा नम्बर के हो ?**

स्थायी लेखा नम्बर प्रत्येक करदातालाई दिइने एक पहिचान दिने (Unique) र स्थायी संकेत अंक हो । यो ९ अंकको हुन्छ । एक पटक लिई सकेपछि उही व्यक्तिले व्यवसाय गर्ने स्थल वा व्यवसायको प्रकृति वा अन्य विवरण बन्दले पनि सो करदाताका लागि सँधैभरि सोही संकेत अंक कायम रही रहने भएकोले स्थायी लेखा नम्बर भनिएको हो । यसलाई छोटकरीमा PAN (Permanent Account Number) भनिन्छ । व्यक्तिको लागि यो कर तिर्ने प्रयोजनको लागि प्रयोग गरिन्छ । यो नम्बर कर प्रयोजनको लागि व्यक्तिगत सूचनाको भण्डारण गर्ने कार्यको लागि प्रयोग गरिन्छ । व्यवसाय, रोजगारी एवं लगानीको पहिचान जनाउने नम्बर पनि हो । कम्प्यूटर प्रणालीबाट सृजना हुने ९ अंकको यो नम्बरको उदाहरण 100362257 यस्तो हुन्छ ।

**(आगामी अंकहरूमा समेत यस स्तम्भमा कर सम्बन्धी जानकारीहरू संलग्न गरिने छ ।)**



Tax Bulletin final - Vol 1 Issue 2 backup.pmd 11 03/09/2012, 16:20

## मासिक कर्मचारी बैठक सम्पन्न

आन्तरिक राजस्व विभागको भाद्र महिनाको नियमित कर्मचारी बैठक महानिर्देशक श्री टंकमणि शर्माको अध्यक्षतामा यही भाद्र ३ गते सम्पन्न भयो । उक्त बैठकमा निम्नानुसारका विषयहरूमा छलफल गरियो:

- कर प्रणाली सुधार वर्ष २०६९/०७० को सन्दर्भमा प्रणाली सुधारको कार्यक्रमअन्तर्गत आन्तरिक प्रणालीलाई अन्तराष्ट्रिय कर प्रणालीसंग तादात्म्यता कायम हुनेगरी परिमार्जन गर्दै लैजाने,
- गत वर्ष झैं तोकिएको लक्ष्यभन्दा बढी राजस्व संकलन गर्ने क्रमलाई निरन्तरता दिन आगामी दिनमा अझ विशेष पहल गर्ने,
- वस्तु तथा सेवा खरिद बिक्रीमा सही बिल बिजक लिने दिने कार्यमा आम व्यासायी एवं उपभोक्ताहरूलाई अभ्यस्त वनाउन करदाता शिक्षा तथा सचेतना कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- कर छलीका सम्बन्धमा विभागमा प्राप्त सूचनाहरूको जोखिम विश्लेषण गरी अनुसन्धानको कार्यलाई थप प्रभावकारी बनाउने,
- एकीकृत बजार अनुगमन तथा घर बहाल करसम्बन्धी कार्यलाई अझ प्रभावकारी रूपमा निरन्तरता दिने,
- विभागले सञ्चालन गर्ने तालिमको लागि सहभागीहरूको छनौट गर्दा तालिमको विषय वस्तु र कर्मचारीहरूको आवश्यकता अनुसार सहभागीहरूको छनौट गर्ने, र
- निजामती कर्मचारीले अनिवार्य रूपमा नेपाल सरकारले तोकेको समय र पोशाकमा कार्यालय उपस्थित हुनपर्ने ।

## परिपत्र

### Refrigeration Equipment मा मू.अ.कर छुट नहुने

शीत भण्डारका लागि कृषि उपकरण Refrigeration Equipment भन्सार दरवन्दीको भाग ८४ को ८४१८.६९.०० बाट वर्गीकरण हुने भएको र उक्त उपशीर्षक अन्तर्गत पर्ने मालवस्तुमा १५ प्रीतिशत भन्सार महसुल लाग्ने भएकाले मू.अ.कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ अन्य वस्तु तथा सेवाको खण्ड १३ मा भन्सार दरबन्दीको भाग ८४ का ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुनसक्ने बाहेकका मिल मेसिनरी एवं यन्त्र उपकरणहरू, मोल्डिङ गर्ने साँचो (पार्टपुर्जा बाहेक) भन्ने व्यवस्था भएको हुँदा Refrigeration Equipment मा मू.अ.कर छुट नहुने भएकोले सोही व्यहोराको जानकारी दिने गरी मिति २०६९/४/२३ मा निर्णय भएको ।

### अन्य व्यक्तिले गरेको औषधि उद्योग तथा अस्पतालको अनुसन्धान तथा विकास सम्बन्धी कार्यमा मू.अ.कर छुट नहुने

यस विभागको मिति २०६९/५/१ को निर्णयबमोजिम औषधिको फर्मुलेसन डेभलप, कच्चा पदार्थ, प्याकिङ्ग सामाग्री र तयारी वस्तुको गुणस्तर मापनसम्बन्धी अनुसन्धान, एनालाइटिकल टेष्ट, बायो टेक्नोलोजी, प्रोबायोटिक्स टेष्टहरू लगायतका औषधी उद्योग तथा अस्पतालको अनुसन्धान तथा विकास सम्बन्धी कार्य सोही औषधि उद्योग तथा अस्पताल आफैंले गरेको अवस्थामा बाहेक अन्य व्यक्तिले गरेमा मू.अ.कर छुट नहुने ।

## घर बहाल कर तिर्नेसम्बन्धी अत्यन्त जरुरी सूचना

घर बहालमा लगाई आय आर्जन गर्ने प्रत्येक व्यक्तिले घर बहाल कर अनिवार्य रूपमा तिर्नुपर्ने कानूनी व्यवस्था रहेको विदितै छ । काठमाडौं उपत्यका लगायत देशका प्रमुख शहरहरूमा घर बहाल आम्दानी एक मुख्य आय श्रोतको रूपमा र हेको पाइएको छ । तसर्थ आफ्नो घर, जग्गाजमीन, मेशीन उपकरणलगायतका सम्पत्ति भाडामा लगाई आय आर्जन गरिरहेका व्यक्तिहरूले आफूले प्राप्त गरेको भाडा रकमको १० प्रतिशतले हुने कर, सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा अनिवार्य रूपमा बुझाई करसम्बन्धी कानूनको पालना गर्नुहुन अनुरोध गरिएको छ ।

घर र अन्य सम्पत्ति बहालमा लगाउने व्यक्तिहरूको सुविधाको लागि काठमाडौं महानगरपालिका का ३५ वटै वडा कार्यालयहरू र १३ वटा करदाता सेवा कार्यालयहरूबाट, अन्य स्थानमा सम्बन्धित आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालय र उपमहानगरपालिका, नगरपालिकाका कार्यालयहरूबाट बहालकर पुस्तिका वितरण भइरहेकोले उक्त स्थानहरूमा सम्पर्क राखी यथाशीघ्र बहालकर पुस्तिका लिनुहुन अनुरोध गरिन्छ । विगतदेखि बहाल कर तिरिरहेका करदाताहरूले समेत उक्त पुस्तिका लिनुपर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारीको लागि अनुरोध छ । बहाल आय घोषणा फाराम यस विभागको Website: www.ird.gov.np बाट download गर्न सकिनेछ ।

**आन्तरिक राजस्व विभाग**

**प्रकाशक**

आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन : ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
Website: www.ird.gov.np

**संरक्षक**

टंकमणि शर्मा

**सम्पादक मण्डल**

नरसागर श्रेष्ठ
मदन दहाल
महाराज कोइराला
नारायणप्रसाद सुवेदी
शिव शर्मा
ढुण्डीराज दाहाल



Tax Bulletin final - Vol 1 Issue 2 backup.pmd 12 03/09/2012, 16:20